खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे,ओखलढुङ्गा

खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुङ्गा कोशी प्रदेश, नेपाल स्था : २०७३

बैठक संख्या: ३५

मिति: २०८२/०२/१८ गते आइतबार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम बस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र बहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री कवितादेवी सुनुवार | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री दुर्गादिवी सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री रामकुमारी बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | |
| १८ | श्री गौरव राज केसी | प्रमुख प्रशासकीय अधिकृत | |
| १९ | श्री धन बहादुर थापा | प्रशासन सहायक | |

निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा विगतमा गाउँपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णयहरु कार्यान्वयनको लागि सम्वन्धित शाखालाई निर्देशन दिने निर्णय गर्दै प्रगति तथा उपलब्धीको समीक्षा गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रम अन्तर्गत विनियोजित बजेट यस गाउँपालिकाबाट स्यानिटरी प्याड निर्माण तालिममा सहभागी भई स्यानिटरी प्याड उत्पादन गरिरहनु भएको अपाङ्गता लोक दिप सिलाई कटाईबाट उत्पादित स्यानिटरी प्याड गुणस्तरयुक्त भएको हुदाँ जम्मा ४५६ वटा प्रति गोटा रु. २४० मा खरिद गरी दामासाही दरले विद्यालयहरुमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाभित्र जग्गाधनिहरुको जग्गा एक क्षेत्रमा हुनुपर्नेमा प्राविधिक त्रुटिका कारणले अर्को क्षेत्रमा वर्गीकरण भएको हुदाँ भू-उपयोग क्षेत्र परिर्वतन गर्न तीन महिनाको अवधि दिई सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ म माथि छलफल गर्दा खिजीदेम्बा गाउँपालिका वडा नं ६, कोप्चे निवासी श्री दल वहादुर तमाङको घर मिति २०८१/१२/०८ गते आगलागि भई पूर्णरुपमा क्षति भएको हुदाँ रु. ५०,०००.०० आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा विपद तालिम तथा सामाग्री शिर्षक अन्तर्गत शिर्षकमा विनियोजित बजेट रु.३,००,०००.०० बाट पालिकामा आवश्यक र तालिम सञ्चलान गर्नका लागि रु.२,००,०००.०० बराबरको आवश्यक सामाग्री खरिद गर्ने र बाँकि वजेटबाट प्रत्येक वडाबाट ३/३ जनाका दरले सहभागी छनौट गरी सशस्त्र प्रहरी बल, घोराखोरीसँगको समन्वयमा दुई दिने विपद व्यवस्थापन तालिम सञ्चलान गर्ने निर्णय गरियो । साथै विपद व्यवस्थापन कोषमा रहेको रकमबाट १२ ड्रम डिजेल खरिद गरी ल्याउने र उक्त डिजेल ढाडे देखि फलाटे आउने सडक र फलाटेदेखि ओखलढुङ्गा जाने सडकमा नाला खन्न गाउँपालिकाको ब्याक हो लोडर प्रयोग गर्ने निर्णय गरियो ।साथै

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

शेर्पा
गाउँपालिका अध्यक्ष

उक्त डिजेल वर्खायाममा पहिरो गई सडक अवरोध भएमा खुलाउनको ब्याक हो लोडरमका लागि प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिका र Prabidhi Engineering Solution (p) Ltd., Kathmandu बिच वडा नं ९ वडा कार्यालय भवन, फूलमती मा वि छात्रावास र चणडेश्वरी मा वि, माझगाउँ विद्यालय भवन को DPR तयार गर्नको लागि मिति २०८१/१०/११ मा सम्झौता भई सम्बन्धित संस्थावाट मिति २०८१/११/०५ मा पेश भई मिति २०८२/०१/०५ गते अन्तिम प्रतिवेदन पेश भएकोमा उक्त प्रतिवेदन स्वीकार गरी भुक्तानी गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ७·

प्रस्ताव नं ७ माथि छलफल गर्दा ओखलढुंगा जिल्ला अदालतको प.सं.०८१/८२, च.नं. १७८९, मिति २०८१/१२/१४ गतेको पत्रबाट अदालतको नवनिर्मित भवनमा फर्निचर निर्माणको लागि आर्थिक सहयोगको लागि अनुरोध भई आएकोमा ओखलढुंगा जिल्ला अदालतबाट प्राप्त बिलमा नबढ्ने गरी रु.१,६७,९१८.०० ओखलढुंगा जिल्ला अदालतको फर्निचर व्यवस्थापन शिर्षकबाट ओखलढुंगा जिल्ला अदालतको विविध खर्च खातामा पठाउने गरी खर्च लेख्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

गौरवराज कर्की
प्रमुख प्रशासकीय अधिकृत

गल्बु शेर्पा
गाउँपालिका अध्यक्ष